नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २६७ २०८१ साल जेठ १७ गते बिहीबार (30 May 2024 Thursday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मदिरा र सुर्तीजन्य वस्तुमा कर... ३ पृष्ठमा : यी वस्तुमा घटाइयो ... ३ पृष्ठमा :दिल्लीमा अहिलेसम्मकै उच्च...

# बजेटमा सप्तरीको सरकारी अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठान मात्र

**नवीनकुमार गुप्ता**
**राजविराज, १६ जेठ ।**

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट सप्तरी जिल्लाका स्वास्थ्य क्षेत्रको विकासमा केही सुखद रहने छ भने अन्य क्षेत्रको विकासमा शुन्य जस्तै रहको छ ।

अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा जिल्लाको एक मात्र सरकारी अस्पतालको स्तरोन्ती र बहुप्रतिष्ठित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अगाडी बढाउन बजेट बिनियोजन गरेको उल्लेख गरेका छन् ।




राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ५० शैयाबाट अब ५ सय शैयामा स्तरोन्नति हुने भएको छ। यस अस्पतालसहित मुलुकको कर्णाली, पोखरा, पाटन, राप्ती र वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा कोशी, नारायणी, भरतपुर, भेरी, डडेल्धुरा अस्पतालको समेत स्तरोन्नती हुने भएको छ ।

यसअघि सो अस्पताल संचालन भएको समयदेखी नै ५० शैयामै सीमित छ। तत्कालिन स्वास्थ्य मन्त्री राजेन्द्र महतोले अस्पतालको नयाँ भवन उद्घाटन गरेपछि ३ सय शैयामा संचालन हुने भनिए पनि अस्पतालको स्तरोन्तरी हुन सकेको थिएन ।

तत्कालिन सगरमाथा अंचल अस्पतालको नामबाट संचालन भएको यस अस्पताल नेपालमा गणतन्त्र स्थापना भएपछि नाम परिवर्तन गरि गजेन्द्र नारायण सिंह अस्पतालमा रुपान्तरण भएको थियो । हाल ५० शैयाको जिल्लाको एक मात्र सरकारी अस्पतालमा बिरामीको चाप बढ्दै जाँदा पनि सो अनुसारको दक्ष जनशक्ति, उपकरण र दरबन्दीको अभाव कायमै रहेको छ ।

यस्तै बजेट भाषणमै जिल्लाको सबै भन्दा बढी बहुप्रतिष्ठित परियोजना रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकासका लागि आवश्यक बजेट पनि छुट्टयाएको जनाइएको छ ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ मा १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको थियो । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको थियो भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको थियो । कुल ११ अर्ब ९८ करोड रुँपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

यसअघि जिल्लाकै बहुप्रतिष्ठित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन माग गर्दै विगत स्थानीयहरुले रिले अनशन समेत गरेका थिए । सोही अनशनप्रति समर्थन गर्दै सप्तरी युथ नेपालले तीन चरणको आन्दोलनको घोषणा पनि गरेको थियो ।

तर, सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सीके राउतले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठन आदेशको म्याद नै समाप्त भएको खुलासा गरेका थिए । उनले प्रतिष्ठान निर्माण प्रक्रिया बारे भ्रम फैलाइएको आरोप लगाउँदै सामाजिक संजालमा लेख्दै भनेका छन्, "प्रतिष्ठान निर्माणमा समय किन लाग्दैछ भने रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठनादेशको म्याद २५ महिना मात्रै थियो र २०७८ सालमै समाप्त भइसकेको थियो । अर्थात् म निर्वाचित हुनु एक/डेढ वर्ष अगाडि नै यो परियोजना बन्द भइसकेको थियो किनकी कसैले यसलाई नवीकरण गर्ने पहल गरेनन् ।"

सांसद डा. राउतले प्रतिष्ठान सम्बन्धी सबै प्रक्रिया अहिले 'जिरो' बाट शुरू गर्नु परेको जनाउँदै नयाँ गठनादेश लेखाएर कानून मन्त्रालयबाट पास गरि त्यसलाई अर्थ मन्त्रालयबाट पास गर्दै, मन्त्री परिषद्मा लग्नु परेको उल्लेख गरेका छन् । उनले आफ्नो पहलमा नयाँ गठनादेश 'रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान २०८०' लेखाएको दाबी समेत गरेका छन् ।

उनले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आ.व. २०७६/७७ मा ४० करोड बजेट

***बाँकी तीन पृष्ठमा***

## तीन दिनसम्म तातो हावा चल्ने

काठमाडौं, १६ जेठ (रासस) ।

आगामी तीन दिनसम्म मुलुकको पश्चिमी तराईका भू-भागहरूमा अत्यधिक गर्मीको सम्भावना छ । गर्मीको असरबाट बचन आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागमा बुधबारदेखि तीन दिनसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको जनाएको छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम् तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ ।

तातो हावा तथा तातो लहरबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि असर हुनसक्ने देखिएकाले सोबाट बचन महाशाखाले अनुरोध गरेको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत) आदि प्रशस्त मात्रामा पिउन महाशाखाले आग्रह गरेको छ ।

## गर्मी बढेपछि पालिकाले गर्‍यो विद्यालय बन्द, त केहीले पठनपाठनको समय गर्‍यो परिवर्तन

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

विगत केही दिनदेखी बढेको अत्याधिक गर्मीका कारण जिनजीवन कष्टकर बन्दै गएको बेला सप्तरीका केही स्थानीय तहले विद्यालय बन्द गर्ने निर्णय गरेको छ भने केहीले पढाई हुने समय तालिका परिवर्तन गरेका छन् ।

जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकाले जेठ १७ र १८ गते सबै विद्यालयहरुमा बिदा दिएको छ । प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्र यादवद्वारा बुधबार जारि विज्ञप्तिमा गर्मी बढेकाले दुई दिनका विद्यालयहरु बन्द रहने जनाइएको छ ।

यस्तै जिल्लाकै विष्णुपुर गाउँपालिकाले सबै विद्यालयहरु बिहीबारदेखी बिहान ६ बजेदेखी १० बजेसम्म विद्यालय संचालन हुने जनाएको छ ।

दिउँसो चर्को घामका कारण अत्याधिक गर्मी र तातो हावा चल्ने हुनाले सबै विद्यालयहरुलाई पठनपाठनका लागि समय तालिका परिवर्तन गरि संचालन गर्न सूचना जारि गरेको छ ।

**घर बिक्रिमा छ**

**१३ धुर**

**(राजविराजको पोखरेल टोलमा)**

**घरधनी सम्पर्क नं.**
**९७०५०००५१**

**संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं**

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानूनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अत्याधिक गर्मी बढ्दा पनि विद्यालय अझै संचालन

यसपटक गर्मी विगत भन्दा धेरै बढेको छ । विगत एक सातादेखी बढेको अत्याधिक गर्मीले जनजीवन नै प्रभावित बनाएको छ । बिहानै देखी लाग्ने चर्को घाम र दिउँसो चल्ने तातो हावाका कारण मानिसहरु घरमै बस्न बाध्य छन् । तापक्रम भने ४० डिग्रीसम्म पुगेको छ । गर्मीका कारण लु लाग्ने अवस्था छ । यस्तो अवस्थामा पनि सप्तरीका विद्यालयहरु विद्यार्थीलाई पढाउन ब्यस्त छन् । यस्तो चर्को घाम लागेको अवस्थामा बालबालिकालाई विद्यालय आउन र जान निकै कठिनाई हुने गरेको छ । तर पनि विद्यालयहरु केही दिन विदा दिनुको साटो बालबालिकाको स्वास्थ्यसँग खेलवाड गरिरहेका छन् ।

गर्मीकै कारण सबै थोक प्रभावित भएको बेला विद्यालयहरु संचालनमै रहनुको अर्थ बुझ्न सकिएको छैन् । अस्पतालमा बिरामीहरुको चाप बढ्न थालेको छ । चिकित्सकहरुले गर्मीले लु लाग्ने भएर मान्छे मुर्छित भएर उच्च रक्तचाप बढेपछि मस्तिष्कघात, हृदयघात, पक्षाघात लगायतका रोग लागेर एकाएक मान्छेको ज्यान जाने सम्भावना समेत बढेकोले सतर्कता अपनाउन अनुरोध गरेका छन । विद्यालयहरुको यस्तो रवैयाले बालबालिकाको भविष्यसँग खेलवाड गरेको देखिन्छ ।

तसर्थ गर्मीबाट बच्नका विद्यालयहरुले केही दिन भएपनि विदा दिनु आवश्यक छ भने गर्मीबाट बाँच्नका लागि प्रसस्त मात्रामा पानी पिउन, झोलपदार्थ बढि खान, घाममा ननिस्कन, सितलमा बस्ने लगायतका उपाय अवलम्बन गर्नु नै उत्तम हुने छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# मदिरा र सुर्तीजन्य वस्तुमा कर वृद्धि

**हेमन्त जोशी**

काठमाडौं, १६ जेठ (रासस) ।

मंगलबार संसद्मा प्रस्तुत भएको 'नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) २०८१' ले विभिन्न वस्तु तथा सेवामा करका दर हेरफेर गरेको छ ।

आर्थिक विधेयकमार्फत उद्योगले पैठारी गर्ने कच्चापदार्थमा लाग्ने महसुल भन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसुल कम्तीमा एक तह कम कायम गरेको छ । औषधि, इन्डक्सन चुल्हो, धागो, हेल्मेट, अगरबत्ती, सेनिटरी प्याड, काजु र बदाम प्रशोधन, स्प्रिङ पत्ता बनाउने उद्योगलगायतका कच्चापदार्थमा लागेको पैठारी महसुल र अन्तः शुल्क घटाइएको छ । आलु, प्याज, स्याउलगायतका तरकारी एवं फलफूलमा लागेको मूल्य अभिवृद्धि कर खारेज भएको छ । मदिरा, बियर, सूर्ति र चुरोटमा लगाइएको अन्तःशुल्क बढेको छ ।

पेट्रोलियम पदार्थ र कोइलाजन्य वस्तु आयातमा हरित कर लगाइएको छ । मूल्य अभिवृद्धि करमा दर्ताका लागि वस्तु र सेवाको मिश्रित कारोबारमा हाल रहेको थ्रेसहोल्ड वृद्धि गरी तीस लाख पुऱ्याइएको छ । दैनिक एक हजार लिटरभन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फार्म तथा उद्योगले पैठारी गर्ने 'स्टिल मिल्क क्यान'मा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाइ एक प्रतिशत मात्र कायम गरिएको छ । निकासी कर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा साविकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी अमेरिकी डलर २५ हजार पुऱ्याइएको छ ।

आर्थिक विधेयकअनुसार विभिन्न वस्तुको आयातमा भन्सार विन्दुमा लाग्ने कृषि सुधार शुल्क पाँच प्रतिशतबाट बढाएर नौ प्रतिशत कायम गरिएको छ । 'प्यासिफिक सालमोन', 'सोले', 'स्पिकज्याक टुना', 'डगफिस' तथा अन्य 'सार्क'हरू, 'अल्बाकोर' तथा लामो पखेटा भएका टुनालगायत माछाको आयातमा शुल्क नौ प्रतिशत पुऱ्याइएको छ ।

मुसुरोको दाल (स्प्लिट रेड लेन्टिल्स) को निकासीमा प्रति किलोग्राम रु एक निकासी महसुल लाग्दै आएकोमा त्यसलाई हटाइएको छ । 'पोलिप्रोपलिन', 'पोलिआइसोब्युटलिन', 'प्रोपलिन कोपोलिमर' जस्ता वस्तुमा प्रति किलोग्राम रु पाँच बराबर निकासी महसुल लाग्ने गरी परिवर्तन भएको छ । काठमा कोणधारी ( कोनिफेरस), गैरकोणधारी (नन्-कोनिफोरस) मा दुई सय प्रतिशतबाट घटाएर ५० प्रतिशतमा झारिएको छ । सल्लो, देवदारु, भोजपत्र, लहरे पिपललगायतका काठमा लाग्ने निकासी महसुल घटेको हो ।

यसअघि पुरुषको हकमा २५ ग्राम र महिलाको हकमा ५० ग्रामसम्म सुनका गहनामा भन्सार महशुल नलाग्ने र योभन्दा बढी परिमाणमा आयात भएको एक सय ५० ग्रामसम्मको सुनमा तीन प्रतिशत भन्सार महशुल तिरेर ल्याउन सक्ने व्यवस्था रहेकोमा अब भन्सार तिरेर थप ५० ग्राम सुन मात्रै ल्याउन पाइनेछ ।

अस्थायी पैठारीमा लाग्ने शुल्कसम्बन्धी व्यवस्था पनि परिवर्तन गरिएको छ । एलपी ग्याँस ढुवानी गरी ल्याउने बुलेट ट्रकलाई गन्तव्य स्थलमा अनलोड गर्न वस्तु जाँचपास भएको ९६ घण्टासम्मको लागि रु एक हजार पाँच सय कर लगाउने नयाँ व्यवस्था ल्याइएको छ । एलपी ग्यासबाहेक अन्य ढुवानी गरी ल्याएको ट्रक, ट्रेलर ट्याक्टर र अन्य ढुवानीका साधनलाई सो वस्तु गन्तव्यस्थलमा अनलोड गरी फर्कनका लागि वस्तु जाँचपास भएको ७२ घण्टासम्मको लागि रु एक हजार पाँच सय रुपैयाँ शूल्क लाग्नेछ ।

अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कुटरमा मूल्य अभिवृद्धि कर लाग्ने छैन । त्यस्तै, विद्युतीय सवारीमा प्रयोग हुने स्वदेशी उद्योगबाट उत्पादन भएका 'डिप साइकल लिड एसिड ब्याट्री' मा पनि शून्य दरको भ्याट कायम गरिएको छ ।

मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ को उपदफा ३ सँग सम्बन्धित आधारभूत कृषिवस्तु आलु, प्याज, छ्यापी, लसुन, डुण्डु, स्याउ, नास्पाती, 'क्विन्स'लगायत उत्पादनहरूमा भ्याट नलाग्ने व्यवस्था गरिएको छ ।

जलविद्युत् उत्पादन, वितरण तथा प्रसारणलाइन आयोजनाका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र त्यससँग सम्बन्धित पाटपुर्जा आयात गर्दा सम्बन्धित निकायको सिफारिसमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था राखिएको छ । विसं २०८२ चैत महिनासम्म वित्तीय व्यवस्थापन सम्पन्न भएका दुई सय मेगावाट वा सोभन्दा बढी क्षमताका जलाशययुक्त जलविद्युत् आयोजनाको लागि लगानी बोर्डको सिफारिस र अन्य आयोजनाको हकमा विद्युत् विकास विभागको सिफारिसमा निर्माण उपकरण, प्लान्ट मेसिनरी औजार तथा त्यसका पाटपूर्जा, विस्फोटक पदार्थ, पेनस्टक पाइपलगायतका वस्तुमा भ्याट छुट दिइएको छ ।

आर्थिक विधेयकले सुकाएको नरिवलको गुदी (कोप्रा) मा १५ प्रतिशत अन्तःशूल्क लगाइएको छ । उखुको खुदोमा प्रति क्विन्टर रु एक सय पाँच बराबर अन्तःशूल्क लाग्दै आएकोमा त्यसलाई बढाएर रु एक सय १० बनाइएको छ । बलगर गहुँ, कर्नफ्लेक्स र तौलमा कोकोको मात्रा छ प्रतिशत भन्दा बढी भएका चकलेटमा १० प्रतिशत अन्तःशुल्क लगाइएको छ । भोगटे, पमेलो, भुईकटहर, क्यानबेरी, आँपलगायतका जुसमा १३ प्रतिशत अन्तःशूल्क लाग्दै आएकोमा ५० पैसा थप गरिएको छ ।

सुर्तीरहित पान मसलामा प्रतिकिलो रु आठ सय ५० अन्तःशुल्क लाग्दै आएकोमा रु आठ सय ७५ बनाइएको छ । सुर्तीरहित सुगन्धित सुपारीमा प्रतिकिलो रु तीन सय ६५ लाग्दै आएको अन्तःशूल्कलाई रु तीन सय ७५ बनाइएको छ ।

अल्कोहल रहित बियरमा प्रतिलिटर रु ३५ बाट रु ४५, 'इनर्जी ड्रिङ्स'मा प्रतिलिटर रु ५० बाट रु ५२ पुऱ्याइएको छ । १२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएको वियरमा प्रतिलिटर रु १६ र १७ प्रतिशतभन्दा बढी अल्कोहल भएमा प्रतिलिटर रु १९ बराबर अन्तःशुल्क बढाइएको छ । त्यस्तै, छ्याङ (कन्ट्रि बियर) मा प्रतिलिटर रु ४३ रहेको अन्तःशूल्कलाई रु ४८ पुऱ्याइएको छ ।

१५ युपि शक्तिको ४८ दशमलव पाँच प्रतिशत अल्कोहलको मात्रा भएको तयारी ब्राण्डीमा प्रतिलिटर रु एक हजार आठ सय बराबर अन्तःशुल्क लाग्दै आएकोमा त्यसलाई बढाएर रु एक हजार आठ सय ६० पुऱ्याइएको छ । २५ युपि शक्ति भएको यस्तो प्रकृतिको ब्राण्डीमा प्रतिलिटर रु ४५ कर बढाइएको छ ।

सुर्ती भएका सिगार, सेरुट र सानो सिगारमा प्रतिखिल्ली रु ३० अन्तःशूल्क लाग्दै आएकोमा रु ३१ बनाइएको छ । त्यस्तै, फिल्टर नभएको चुरोटमा प्रति एम रु सात सय ३० बराबर लाग्दै आएको अन्तःशुल्क लाई बढाएर प्रतिएम रु सात सय ५५ बनाइएको छ । त्यस्तै, फिल्टर भएको रु ७० मिलिमिटरसम्मको चुरोटमा प्रति एम रु ५० अन्तःशुल्क बढाइएको छ । यसअघि प्रति एम रु एक हजार छ सय ९० बराबर अन्तःशुल्क लाग्दै आएको त्यसलाई बढाएर रु एक हजार सात सय ४० पुऱ्याइएको छ ।

त्यस्तै, जर्दा, खैनी, नस गुट्खा र यस्तै सुर्ती मिश्रित तयारी वस्तुमा प्रतिकिलोग्राम रु आठ सय ५० बराबर लाग्दै आएको अन्तःशुल्कलाई रु प्रति किलोग्राम रु आठ सय ८० बनाइएको छ । खुद्रा बिक्रीको लागि राखिएको काटिएको सुर्ती तथा धुलो सुर्ती ( डस्ट टोबाको) को प्रति किलोग्राम रु चार सय ७५ बराबर अन्तःशुल्क लाग्दै आएकोमा त्यसलाई रु चार सय ८० बनाइएको छ ।

चुना मिलाई खाने खुद्रा बिक्रीको लागि प्याकिङ गरिएको सुर्तीमा प्रति किलोग्राम रु ४५ बराबर अन्तःशुल्क बढेको छ । हुक्का फ्लेबरमा प्रतिकिलोग्राम रु एक हजार चार सय बराबर लाग्दै आएको अन्तःशुल्क बढेर रु एक हजार पाँच सय पुगेको छ ।

विद्युतीय चुरोट (भेप) मा ४० प्रतिशत अन्तःशुल्क लगाइएको छ । सुगन्धित अत्तर (बडि स्प्रे) तथा व्यक्तिगत गन्ध हटाउने र पसिना रोक्ने वस्तुमा रु १५ बराबर अन्तःशुल्क लाग्दै आएकोमा त्यसलाई बढाएर रु २० पुऱ्याइएको छ । टायलको रुपमा वा रोलमा रहेका भुई ढाक्ने वस्तु (फ्लोर कभरिङ) को अन्तःशुल्क पाँच प्रतशितबाट बढेर १० प्रतिशत पुगेको छ ।

फलाम वा अमिश्रित इस्पात (नन एल्बाए स्टील) का अर्धतयारी उत्पादनको अन्तःशूल्क हटाइएको छ । ल्यापटप तथा नोटबुकमा पाँच प्रतिशत अन्तःशुल्क कायम गरिएको छ । पिक पावर ५० किलोवाटभन्दा कमका विद्युतीय सवारीलाई पाँच प्रतिशत अन्तःशुल्क लगाइएको छ भने ५० देखि सय किलोवाटसम्मका विद्युतीय सवारी साधनलाई १५ प्रतिशत लगाइएको छ । पेट्रोलियम पदार्थमा हरित कर लगाइएको छ । बिटुमिन कोइलालगायत वस्तुमा प्रतिकिलो ५० पैसा र डिजेल तथा पेट्रोलमा प्रतिकिलो रु एक बराबर हरित कर लगाइएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**

# यी वस्तुमा घटाइयो कर

काठमाडौं, १५ जेठ (रासस) ।

सरकारले उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुलभन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसुल कम्तीमा एक तह कम गरी स्वदेशी उद्योगलाई प्राथमिकता दिएको छ ।

स्वदेशी उद्योगको प्रवर्द्धन गर्ने लक्ष्यका साथ औषधि, इन्डक्सन चुलो, धागो, हेल्मेट, अगरबत्ती, स्यानिटरी प्याड, काजु र बदाम प्रशोधन, स्प्रिङ पत्ता बनाउने उद्योगलगायतका उद्योगको कच्चा पदार्थमा लागेको पैठारी महसुल र अन्तःशुल्क घटाइएको छ ।

अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गर्नुभएको आगामी आवको बजेटमा स्वदेशी उद्योगको संरक्षण गर्न केही तयारी वस्तुको पैठारी महसुल र अन्तः शुल्कमा वृद्धि गरिएको छ । यस्तै, उद्योगको कच्चा पदार्थको पैठारीमा सहुलियत लिन विभिन्न निकायको सिफारिस आवश्यक पर्ने व्यवस्थामा सुधार गरी उद्योगीलाई नै जिम्मेवार बनाउने व्यवस्था मिलाइएको छ ।

वैदेशिक पुँजी आकर्षित गर्न विदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज भुक्तानी गर्दा लाग्दै आएको आयकर घटाइएको छ । यसैगरी लगानी सम्भाव्य मुलुकबाट लगानी अप्रवाह वृद्धि गर्न दोहोरो करमुक्ति सम्झौताको मोडल विकास गर्ने र सो नमूनाका आधारमा सम्भाव्य मुलुकसँग सम्झौता गर्न वार्ता सुरू गर्ने सरकारको नीति छ ।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा गरिएका प्रतिबद्धता तथा सम्झौताबमोजिम व्यापार सहजीकरण एवं लगानी प्रवर्द्धन गर्न नयाँ भन्सार ऐन तर्जुमा गर्ने अर्थमन्त्रीको बजेटमा समावेश छ ।

सूचना प्रविधि उद्योगले आफ्नो नाफा पुँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था बजेटले गरेको छ । यस्तै, व्यवसायको क्षमता विस्तारका लागि पुँजी वृद्धि गरेको अवस्थामा नियन्त्रणमा परिवर्तनका कारण लाग्ने करमा सहुलियत दिने व्यवस्था मिलाइएको छ । यसबाट खासगरी स्टार्टअप र भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फन्ड लाभान्वित हुने विश्वास सरकारको छ ।

यस्तै, दैनिक एक हजार लिटरभन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फार्म तथा उद्योगले पैठारी गर्ने स्टिल मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाई एक प्रतिशत मात्रै कायम गरिएको छ । निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेस गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेस गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा साविकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी अमेरिकी डलर २५ हजार बनाइएको छ । यसबाट खासगरी साना तथा मझौला निकासीकर्ता उद्योग लाभान्वित हुने विश्वास लिइएको छ । वनमारा, पातपतिङ्गरलगायत खेर जाने सामग्रीबाट बन्ने पिलेटको निकासीमा लाग्ने महसुल सरकारले हटाएको छ ।

कर विवादका कारण भोग्नुपरेका समस्या एवं मर्काका सम्बन्धमा करदाताबाट गुनासो आइरहेको सन्दर्भमा कर निर्धारणलगायतका विषयमा अध्ययन गरी समस्या समाधान गर्ने बजेट वक्तव्यमा उल्लेख छ ।

अपाङ्गता भएका व्यक्तिले पैठारी गर्ने स्कुटरमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थाको सट्टा भन्सार बिन्दुमा नै छुट दिने व्यवस्था मिलाइएको छ ।

# समुन्नति कार्यक्रम अन्तर्गत अन्तिम सर्वेक्षण सल्लाह सुझाव संकलन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

सबल नेपालको समुन्नति कार्यक्रम अन्तिम सर्वेक्षण अन्तर्गत प्रतिवेदन साँझा तथा सल्लाह सुझाव संकलन कार्यक्रम सम्पन्न भएको छ ।

सप्तरीको खडक नगरपालिकाको आयोजना उक्त सल्लाह सुझाव संकलन कार्यक्रममा शिक्षा, स्वास्थ्य तथा पोषण, बाल गरिबी, मातृ तथा नवजात शिशु स्वास्थ्य, प्राम्भिक बाल स्याहार तथा बिकास, आधारभुत शिक्षा, विद्यालय स्वास्थ्य र पोषण, किशोरकिशोरी बिकास, बालसंवेदनशिल जीविकापार्जन बारे प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

सेभ द चिल्ड्रेनको साझेदारीमा सबल नेपालले जिल्लाको पश्चिमी भेगमा विगत दश वर्षदेखि समुन्नति कार्यक्रम अन्तर्गत गरेका आफ्ना क्रियाकलापहरुको बारेमा समेत सहभागीलाई जानकारी दिइएको सबल नेपालका समुन्नति कार्यक्रम संयोजक रोशन कुमार मण्डलले जानकारी दिए ।

नगरप्रमुख जयप्रकाश चौधरीको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा प्रतिवेदन प्रस्तुतिपछि खडक नगरपालिकालाई बालमैत्री बनाउनुपर्ने, विद्यालयप्रति सहयोग पुऱ्याउनुपर्ने, नियमित विद्यालयको अनुगमनलाई नियन्त्ररता राख्नुपर्ने र स्वास्थ्य क्षेत्रमा समेत प्रभावकारिता हुनुपर्ने सहभागिहरुले सुझाव दिएका थिए ।

समुन्नति कार्यक्रम संयोजक रोशन कुमार मण्डलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा खडक नगरपालिकाका १ नं. वडा देखि ११ वटै वडाका बिभिन्न विद्यालयका प्रअ, बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, कृषि शाखाका प्रतिनिधि, कृषि समूह, नगरबाल संजाल, बिभिन्न बालकलब लगायतको सहभागिता रहेका थिए ।

यस्तै सुरुङ्गा नगरपालिकाका नगर प्रमुख गिता चौधरीको प्रमुख आतिथ्यमा यस्ते कार्यक्रम सम्पन्न भएको थियो ।

***बजेटमा सप्तरीको ...***

निकासा गरिएपनि उक्त बजेट फ्रिज भएको उल्लेख गरेका छन् । त्यस्तै आ.व. २०७७/७८ मा ११ करोड बजेट खर्च गर्न नसकेपछि ४ करोड गजेन्द्र नारायण सिंह अस्पतालमा र ६ करोड ५० लाख रकमान्तर गरी अन्यत्र हालिएको तथा आ.व. २०७८/७९ मा बजेट नरहेको (समितिको म्याद सकेर परियोजना बन्द भइसकेको) जानकारी पनि दिएका छन् ।

# गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ बनाइनुपर्छः अध्यक्ष राउत

काठमाडौं, १६ जेठ (रासस) ।

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले गणतान्त्रिक व्यवस्थालाई व्यवहारिक र जनउत्तरदायी बनाउन हालको व्यवस्थालाई थप सुदृढ बनाएर लैजानुपर्ने आवश्यता औंल्याउनुभएको छ ।

गणतन्त्र दिवसका अवसरमा जनमत पार्टीद्वारा मंगलबार भृकुटीमण्डपमा आयोजित कार्यक्रममा उहाँले वर्तमान व्यवस्थाबाट जनताको समस्याको समाधान हुन नसकेकाले पार्टीले नौलो गणतन्त्रको अवधारणा ल्याएको बताउनुभयो । "मुलुकमा नेतातन्त्र हैन जनतातन्त्र हुनुपर्छ, जनताको वास्तविक समस्या समाधानका लागि नौलो गणतन्त्र आवश्यक छ", अध्यक्ष राउतले भन्नुभयो ।

उहाँले जनताको अधिकार सुनिश्चितताका लागि निरन्तर सङ्घर्ष गर्नुपर्ने र प्रत्यक्षरुपमा राष्ट्रपति चुन्न पाउने गणतान्त्रिक व्यवस्था अबको आवश्यकता हो भन्नुभयो ।

यसैबीच जनमत पार्टीले गणतन्त्र दिवसको अवसर पारेर मंगलबार नौलो गणतन्त्रको अवधारणा घोषणा गरेको जनाएको छ । अध्यक्ष राउतले अहिलेको व्यवस्थामा केही विकृतस्वरुप रहेकाले राजनीतिक स्थायित्व र जननिर्वाचित राष्ट्रपति हुने अवस्था सिर्जना गर्न अभियान घोषणा गरिएको बताउनुभयो । "प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र प्रदेशमा मुख्यमन्त्री हुनुपर्छ भन्ने पार्टीको धारणा छ । साथै व्यवस्थालाई सुधार्न सत्ता, सदन र सडकबाट दबाब दिने हाम्रो रणनीति र कार्यक्रम छ", अध्यक्ष डा राउतले भन्नुभयो ।

औपचारिक कार्यक्रम अघि जनमतले काठमाडौंका विभिन्न स्थानबाट र्‍यालीसमेत निकालेको थियो । र्‍याली भद्रकाली, सहिद गेट, वीर अस्पताल र रत्नपार्क हुँदै भृकुटीमण्डपमा आयोजित सभामा समावेश भएको थियो ।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. ९६६२

मिती :- २०८१।०२।१३

विषय: - सूचना सम्बन्धमा सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने जानकी देवी चौधरीले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८१।०२।१३ गते मा द.न.१५६१ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कायालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम मै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.२ हाल १ बस्ने तेतर चौधरीको नाउंदता जग्गा सप्तरी जिल्ला अदालतको मिलापत्र बमोजिम सुरेश कुमार चौधरीको नाउं को जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | साविक कि.न. | हाल कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | २ | १०४ | ७५१ | ०-२-१० |
| सप्तरी | चनौरा पडरीया | २ | १०४ | ७५४ | ०-३-१५.५ |
| सप्तरी | चनौरा पडरीया | २ | २७५ | ७४४ | ०-२-० |
| सप्तरी | चनौरा पडरीया | १क | २२६ | ५३९ | ०-४-० |
| सप्तरी | चनौरा पडरीया | १क | २२६ | ५४१ | ०-५-५ |
| सप्तरी | चनौरा पडरीया | १क | २२६ | ५३७ | ०-१-१० |

चन्द्र शेखर चौधर
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१


## विश्व समाचार

# दिल्लीमा अहिलेसम्मकै उच्च तापक्रम मापन

नयाँदिल्ली, १६ जेठ (रासस/एएफपी) ।

भारतको राजधानी नयाँ दिल्लीमा तापक्रम अहिलेसम्मको उच्च अर्थात् ४९.९ डिग्री सेल्सियस (१२१.८ फरेनहाइट) पुगेको छ । तापक्रम वृद्धिसँगै पानीको अभाव हुन सक्ने चेतावनी अधिकारीहरूले दिएका छन् ।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले मङ्गलबार नरेला र मुङ्गेशपुरस्थित दिल्लीका दुई उपनगरीय क्षेत्रमा उच्च तापक्रम मापन गरेको हो ।

मौसम विभागका अनुसार यहाँको तापक्रम अपेक्षाभन्दा नौ डिग्री बढी रहेको छ । तीन करोडभन्दा बढी जनसङ्ख्या रहेको यस सहरमा बुधबार पनि यस्तै तापक्रम हुने पूर्वानुमान गरिएको छ र मानिसहरूलाई सतर्क रहन सूचना जारी गरिएको छ ।

सन् २०२२ को मे महिनामा दिल्लीको केही भागको तापक्रम ४९.२ डिग्री सेल्सियस (१२०.५ फरेनहाइट) पुगेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

भारतमा गर्मी याममा तापक्रम उच्च रहने भएपनि पछिल्ला वर्षहरूमा लामो र अत्यधिक गर्मी हुने गरेको छ । वर्षौंको वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनका कारण गर्मी लामो हुने, बारम्बार हुने र तीव्र हुने गरेको जनाएको छ ।

नयाँ दिल्लीका अधिकारीहरूले गर्मी बढेसँगै पानीका स्रोतहरू पनि घट्दै केही क्षेत्रमा आपूर्ति कटौती हुने र खानेपानीको अभाव हुनसक्ने चेतावनी दिएका छन् ।

भारतीय जल मन्त्री आतिशी मार्लेनाले पानीको अनावश्यक प्रयोग रोक्न 'सामूहिक जिम्मेवारी' लिन आह्वान गर्नुभएको छ ।

"पानीको अभावको समस्या समाधान गर्न हामीले धेरै क्षेत्रमा पानीको आपूर्ति दिनको दुई पटकबाट घटाएर दिनमा एक पटक गर्ने जस्ता धेरै उपायहरू अपनाएका छौं," आतिशीले भन्नुभयो ।

उहाँले भन्नुभयो, "यसरी बचत गरिएको पानीलाई मिलाएर पानीको निकै अभाव भएका र दैनिक १५ देखि २० मिनेट मात्र पानी आपूर्ति क्षेत्रमा पुऱ्याइनेछ ।

मौसम विज्ञान विभागले गर्मीले स्वास्थ्यमा विशेष गरी शिशुहरू, वृद्धहरू र दीर्घकालीन रोगहरू भएकाहरूको स्वास्थ्यमा असर पार्नसक्ने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ ।

धेरैले राजस्थान राज्यको तापक्रम ५०.५ डिग्री सेल्सियस मापन गरिएको र त्यहाँबाट आएको उष्ण लहरका कारण तापक्रम बढेको बताएका छन् ।

राजस्थानको मरुभूमि फलोदीमा सन् २०१६ मा ५१ डिग्री सेल्सियस तापक्रम पुगेको थियो । पश्चिम बङ्गाल राज्य र उत्तरपूर्वी राज्य मिजोरममा आइतबार भारत र बङ्गलादेशमा आएको चक्रवात 'रेमाल'बाट आएको आँधीबेहरी र भारी वर्षाका कारण ३८ जनाभन्दा बढीको मृत्यु भएको छ । बङ्गलादेशको मौसम विज्ञान विभागले यो चक्रवात 'देशको इतिहासमा सबैभन्दा लामो मध्ये एक' भएको बताएको छ ।

# भारत र बंगलादेशमा गरी चक्रवातका कारण मृत्यु हुनेको संख्या ६५ पुग्यो

कलकत्ता, १६ जेठ (रासस/एएफपी) ।

बङ्गलादेशको र भारतमा भारी वर्षा र आँधीबेहरीसहित आएको शक्तिशाली चक्रवातमा परी कम्तिमा पैसट्ठी जनाको मृत्यु भएको बुधबार दुबै देहका अधिकारीहरू र सञ्चारमाध्यमले जनाएका छन् ।

आइतवार साँझ भीषण वर्षा र आँधीबेहरीसहित आएको चक्रवात रेमलले बिस्तारै भित्री भागमा सर्दै बाढीपहिरो निम्त्याएको हो । बङ्गलादेश मौसम विज्ञान विभागका निर्देशक अजिजुर रहमानले चक्रवात र भारी वर्षाको कारण जलवायु परिवर्तनको असर भएको र यो 'देशको इतिहासमा सबैभन्दा लामोमध्ये एक' भएको बताउनुभयो ।

विपद् व्यवस्थापन कार्यालय र प्रहरीका अनुसार चक्रवातको चपेटामा परेको बङ्गलादेशमा कम्तीमा १७ जनाको मृत्यु भएको छ । कसैको डुबेर र कसैको भग्नावशेष, रूखहरू खस्दा वा बिजुलीका तारहरू खस्दा बिजुलीको झट्काका कारण मृत्यु भएको थियो । भारतमा एक्काइस जनाको मृत्यु भएको अघिल्लो सङ्ख्या अद्यावधिक गर्दै ४७ जनाको मृत्यु भएको अधिकारीले बताएका छन् ।

उत्तरपूर्वी मिजोरम राज्यमा चक्रवातमा परी अधिकांश अट्ठाइस जनाको मृत्यु भएको थियो जसमध्ये मङ्गलबार आएको आँधीका कारण परेको खानीमा पुरिएर १४ जना कामदारको ज्यान गएको मिजोराम सरकारले एक विज्ञप्तिमा जानकारी गराएको हो । पश्चिम बङ्गाल राज्यमा दश जनाको मृत्यु भएको वरिष्ठ सरकारी अधिकारी सुमित गुप्ताले बुधबार बताउनुभयो ।

हिन्दुस्तान टाइम्सले उद्धृत गरेको रिपोर्टअनुसार असम, नागाल्यान्ड र मेघालय राज्यमा कम्तीमा १० जनाको मृत्यु भएको छ । चक्रवातले प्रत्येक वर्ष बङ्गलादेश र भारतमा ठूलो क्षति पुऱ्याउने गरेको छ । वैज्ञानिकहरूले जलवायु परिवर्तनले थप आँधीबेहरीलाई बढावा दिइरहेको बताएका छन् । यद्यपि, राम्रो पूर्वानुमान र प्रभावकारी निकासी योजनाले मृत्युको सङ्ख्या भने कम देखिएको छ ।

# १३ लाख भन्दा बढी नेपाली नक्कली नोटसहित चार पक्राउ



**दैनिक समाचारदाता**
**बारा, १६ जेठ ।**

बाराबाट प्रहरीले १३ लाख १६ हजार नेपाली नक्कली नोटसहित चार जनालाई पक्राउ गरेको छ ।

प्रहरीले विशेष सूचनाको आधारमा जिल्लाको सिम्रौनगढ नगरपालिकाको वडा ९ मा छापामारी गरी उक्त रकम र आरोपीहरुलाई पक्राउ गरेको हो ।

नक्कली नोटसहित पक्राउ पर्नेहरूमा बारा कोल्हवी नगरपालिका ६ का राजन चौधरी र आकाश चौधरी तथा रौतहट राजपुर नगरपालिका १ निवासी मोहन कुमार साह छन् ।

यी तीनै जना नेपालीहरूको साथबाट प्रहरीले ७ लाख ७ हजार नक्कली नेपाली रुपैयाँ बरामद गरेको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले बताए ।

यस्तै तीनै जना नेपालीसँगै साइकलमा नेपाली नक्कली नोट लिएर आएका भारत विहार मोतिहारी थाना कबैया पञ्चायतका महम्मद आलमलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

उनीहरुको साथबाट नगदसँगै प्रहरीले २ वटा मोटरसाइकल र एउटा साइकलसमेत बरामद गरेको छ । चारै जनालाई जिल्ला प्रहरीको कार्यालय बाराको हिरासतमा राखेर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# पेट्रोल र डिजेलमा प्रतिलिटर एकका दरले हरित कर लाग्ने

काठमाडौँ, १६ जेठ (रासस) ।

सरकारले पेट्रोलियम पदार्थ, कोइलालगायतका सामग्रीमा हरित कर लगाएको छ ।

अर्थमन्त्री वर्षमान पुनद्वारा मंगलबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आर्थिक विधेयक-२०८१ मा पेट्रोल, डिजेलमा प्रतिलिटर रु एकका दरले हरित कर लगाउने उल्लेख छ ।

जैविक इन्धनको प्रयोगलाई न्यूनीकरण गर्ने लक्ष्यका साथ उक्त कर लगाउने प्रस्ताव गरिएको जनाइएको छ । यो करसँगै पेट्रोलियम पदार्थको मूल्यमा चाप पर्नेछ ।

यस्तै फर्नेस आयल, बेस आयलमा शून्य दशमलव पाँच प्रतिशत र लुब्रिकेन्ट आयलमा एक प्रतिशत बराबर हरित कर लाग्ने छ । पेट्रोलियम तेल र बिटुमिनयुक्त खनिजबाट प्राप्त तेल, ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलमा पनि एक प्रतिशत कर लाग्ने विधेयकमा उल्लेख छ ।










**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*